रंगेली नगरपालिका, मोरङ्ग द्वारा प्रकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ११ प्रकाशन मिति : २०७९।०९। २९

## भाग -१
## रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४
को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# नगरपालिकाको शिक्षा ऐन २०७९

नगरसभा बाट स्वीकृत मितिः २०७९ पौष २१ गते

# नगरपालिकाको शिक्षा ऐन २०७९

**प्रस्तावनाः-**

प्रत्येक नागरिकामा नैतिकता, सदाचार, सहिष्णुता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास मुलुकको समृद्धि र जनहितका लागि स्थानीय राष्ट्रिय र विश्वव्यापी आवश्यक्तामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा जोवनोपयोगी सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रंगेली नगरपालिकाको सातौ नगर सभाले यो ऐन बनाई सर्वसा
धारणको जानकारीको लागि प्रकाशन गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस ऐनको नाम **"नगरपालिका शिक्षा ऐन २०७९"**रहेको छ।

(२) यो ऐन रंगेली नगरपालिका क्षेत्र भर लागु हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ।

२. **परिभाषा** :-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "**नगरपालिका**" भन्नाले रंगेली नगरपालिका सम्झनु पर्छ।

(ग) "**कार्यपालिका**" भन्नाले रंगेली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "**प्रमुख**" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) "**शिक्षा समिति**" भन्नाले रंगेली नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्छ।

(च) "**प्रमुख प्रशासकीय अधिकृत**"भन्नाले रंगेली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "**शिक्षा शाखा** "भन्नाले रंगेली नगर कार्यपालिकाको कार्यालय मातहतको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ।

(ज) " **शिक्षा अधिकृत**" भन्नाले रंगेली नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(झ) "**समन्वय समिति**" भन्नाले परीक्षा समन्वय समितिलाई सम्झनु पर्छ।

(ञ) "**पाठ्यक्रम विकास केन्द्र**" भन्नाले संघीय ऐन अनुसार विद्यालय तहको पाठ्यक्रमको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ।

(ट) "**पूर्व प्राथमिक विद्यालय**" भन्नाले पाँच वर्ष मुनीका बालबालिकालाई दिईने प्रारम्भिक बाल विद्यालय, मन्टेश्वरी, शिशु स्याहार केन्द्र, बाल विकास आदि सम्झनु पर्छ।

(ठ) "**कोष**" भन्नाले विद्यालय संचालनका लागि खडा गरिएको कोषलाई सम्झनु पर्छ।

(ड) "**शिक्षक किताबखाना**" भन्नाले संघीय कानून वमोजिम गठन भएको राष्ट्रिय किताबखाना (शिक्षक) सम्झनु पर्छ।

(ढ) “**शिक्षक सेवा आयोग**”भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्ती तथा बढुवा सिफारिस समेत गर्ने आयोग सम्झनु पर्छ।

(ण) “**शैक्षिक सत्र**” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

(त) “**व्यवस्थापन समिति**” भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(थ) “**संस्थागत विद्या**लय” भन्नाले निजी लगानीमा संचालन गर्ने गरी अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ।

(द) “**सामुदायिक विद्यालय**” भन्नाले नियमित अनुदान पाउने गरी अनुमति/स्वीकृति पाएको विद्यालय सम्झनुपर्छ।

(ध) “**आधारभूत विद्यालय**” भन्नाले प्रारम्भिक वाल विकास कक्षा देखि ८ कक्षा सम्म सञ्चालित विद्यालय र “**माध्यमिक विद्यालय**” भन्नाले प्रारम्भिक वाल विकास देखि कक्षा १० वा १२ सम्म सञ्चालित वा कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालय सम्झनु पर्छ।

(न) “**सामुदायिक सिकाई केन्द्र**”भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने जीवन पर्यन्त सिकाई, अनौपचारिक साक्षरता शिक्षा, अध्ययन, अनुसन्धान र सीप सिकाई सम्बन्धि काम गर्ने केन्द्रलाई सम्झनुपर्छ।

(प) “**धार्मिक विद्याल**य”भन्नाले परम्परागत रुपमा चलि आएका गुम्वा, गुरुकुल, आश्रम, मदरसा (मख्तब) जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

(फ) “**शैक्षिक गुठी**”भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समूहले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(ब) “**परिवार**”भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र ,अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

(भ) “**आधारभूत तह उत्तीर्ण परीक्षा**”भन्नाले आधारभूत तह कक्षा ८ को अन्तमा लिईने परीक्षा सम्झनु पर्छ।

(म) “**माध्यमिक शिक्षा उतिर्ण परिक्षा**” भन्नाले माध्यमिक तह कक्षा १२ को अन्तमा लिइने परीक्षा सम्झनु पर्छ।

(य) “**शिक्षक**” भन्नाले विद्यालयमा सिकाई सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(र) “**कर्मचारी**” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी लाई सम्झनु पर्दछ।

(ल) “**आवासिय विद्यालय**” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गर्ने विद्यालयलाई जनाउँछ।

(व) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन बहिरा अटिज्म बैद्धिक अपाङ्गता सुष्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालवालिकालाई दिईने विशेष किशिमको शिक्षा सम्झनुपर्दछ ।

३. **माध्यमिक शिक्षाको प्रकारः-** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् ।

क. साधारण माध्यमिक शिक्षा

ख. संस्कृत माध्यमिक शिक्षा

ग. प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

४. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः-**

(१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **विद्यालयको वर्गिकरणः-** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

क. सामुदायिक विद्यालय

ख. संस्थागत विद्यालय

ग. धामिर्क / गुठी विद्यालय

६. **शिक्षाको माध्यमः-** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(२) आधारभूत तह अन्तरगत कक्षा ५ सम्म स्थानीय मातृभाषामा वा अंग्रेजी भाषा वा नेपाली भाषामा शिक्षा दिन सकिनेछ ।

(३) गैर नेपाली नागरिकले यस नगरपालिका भित्रका विद्यालयहरुमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने छ ।

(४) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

७. **विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः-** (१) कुनै नेपाली समुदायले वा नागरिकले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तरगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन पर्न आएमा शिक्षा शाखाबाट तोकिएको पूर्वाधार पुरा भए नभएको स्थलगत अनुगमन गरी आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले नगर शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगर शिक्षा समितिको बैठकबाट अनुमति दिन उपयुक्त देखिएमा नगर शिक्षा समितिले विद्यालय खोल्न अनुमति दिन सक्नेछ । शिक्षा शाखाले दफा ८

बमोजिमको शर्त तथा बन्देज को अधीनमा रही त्यस्तो विद्यालयलाई तोकिए बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ।

(४) विदेशी शिक्षण संस्था सँग सम्बन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृती नेपाल सरकारको पूर्व स्वीकृती नलिई दिन सकिने छैन।

८. **विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देजहरुः-** विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देजहरु तोकिए बमोजिम हुनेछन्।

९. **विद्यालय खोल्न स्वीकृती प्रदान गर्नेः-** (१) दफा ७ को उपदफा (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखा मार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन शिक्षा समितिमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि दफा ८ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा शिक्षा शाखाले दफा ८ बमोजिमको शर्त तथा बन्देज पालना हुने गरी त्यस्तो विद्यालयलाई तोकिए बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ।

१०. **प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्थाः-** प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **मातृभाषामा शिक्षा दिन सकिनेः- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।**

१२. **मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्थाः-** (१) संघीय कानुनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मख्तव, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने र त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **कम्पनी ऐन बमोजिम सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तरगत सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाः-** (१) कम्पनी ऐन अन्तरगत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तरगत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको तोकिए बमोजिमको हुनेछ।

१४. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा सुरक्षण बापत तोकिए बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ।

१५. **विद्यालय सार्न वा गाभ्न सकिनेः -** (१) नगर कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न वा सार्न सकिनेछ। विद्यालय सार्न वा गाभ्न पर्ने अवस्था तोकिए बमोजिम हुनेछ।

१६. **विद्यालयको तह वा कक्षा थप घट गर्न सकिनेः-** विद्यालयको तह वा कक्षा थप गर्न वा घटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७. नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः-** (१) नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारका अन्यत्र उल्लेख भए अतिरिक्त देहाय बमोजिम हुनेछ।

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकृतलाई आवश्यक निर्देशन दिने।

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने।

(ग) शिक्षक सरुवाको मापदण्ड बनाई नगरपालिका भित्र समान रुपमा शिक्षक विद्यार्थी अनुपात मिलाउने, शैक्षिक गुणस्तर कायम गर्ने, आचार संहिता बनाई लागु गर्ने।

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

(ङ) प्रदेश तथा संघीय कानुन बमोजिम हुने शिक्षा सम्वन्धि विषयहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने।

(च) प्रत्येक ६ महिनामा नगरपालिका भित्रका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने।

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी बनाउन वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने।

(ज) यस ऐनको परिधि भित्र रही शैक्षिक गुणस्तर र सुशासनका लागि मापदण्डहरु वनाउने।

(झ) अनौपचारिक शिक्षा, बैकल्पिक शिक्षा, विशेष शिक्षा, खुला तथा दूर शिक्षा सम्बन्धी निर्देशिका बनाई लागू गर्ने, गराउने।

(ञ) शिक्षा सम्बन्धी कानून निर्माणको लागी नगर सभामा पेस गर्ने।

(ट) तोकिएका सुचकाङ्क र कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कष्ट विद्यालय र शिक्षकलाई तोके अनुसार पुरस्कृत गर्ने।

(ठ) शिक्षालाई व्यवहारिक उद्यमशील र रोजगार उन्मुख बनाउने नीति अवलम्बन गर्ने

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र छात्राहरुका लागि दिईने छात्रबृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारिहरुको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयहरुको संगठनको सहभागिता एवं राय परामर्श लिन सकिनेछ।

**१८. नगर शिक्षा समितिको गठन तथा कार्यसंचालन विधिः-**

(१) रंगेली नगरपालिकामा देहाय वमोजिमको एक नगर शिक्षा समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | नगर कार्यपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) | नगर कार्यपालिकाको उप- प्रमुख | सदस्य |
| (ग) | कार्यपालिकाका सदस्यहरु मध्येबाट नगर प्रमुखबाट मनोनित दुईजना | सदस्य |
| (घ) | नगरपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |

(ङ) नगपालिकाका प्रमुख प्रशासकीय अधिकृत सदस्य

(च) सामुदायिक विद्यालयको प्रधानाध्यापक /अध्यापकहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एकजना सदस्य

(छ) संस्थागत विद्यालयका प्रधानाध्यापक/संस्थापकहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना सदस्य

(ज) परम्परागत धार्मिक विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना सदस्य

(झ) शिक्षक महासंघको नगर अध्यक्ष एक जना सदस्य

(ञ) विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना सदस्य

(ट) शिक्षा प्रेमी, बुद्धिजिबि मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना सदस्य

(ठ) शिक्षा शाखा प्रमुख सदस्य-सचिव

(२) नगर शिक्षा समितिलाई सकेसम्म समावेशी बनाइने छ ।

(३ ) नगर शिक्षा समितिको बैठकमा बिभिन्न क्षेत्रका विज्ञ व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(४ ) उपदफा १(ङ)(च)(छ)(ज)(झ)(ञ) बमोजिमका सदस्यहरूको पदावधी ३ वर्षको हुनेछ ।

(५ ) नगर शिक्षा समितिको वैठक कम्तीमा तीन महिनामा एक पटक बस्नुपर्नेछ ।

(६) नगर शिक्षा समितिको वैठक भत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

(७) वैठक संचालनको लागि कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थिती आवश्यक पर्नेछ । वैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

**१९. प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः-**प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखको काम , कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन्ः-

**२०. वडा शिक्षा समितिको गठनः** रंगेली नगरपालिकाका प्रत्येक वडाको शैक्षिक कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गरी नगर शिक्षा समितिमा प्रतिवेदन पेश गर्नका लागि देहाय अनुसारको वडा शिक्षा समिति गठन गरिनेछ ।

क. वडा अध्यक्ष संयोजक

ख. वडा सदस्यहरु मध्येबाट समितिले मनोनित गरेको १ जना सदस्य

ग. शिक्षा प्रेमी र बुद्धिजीवी मध्येबाट कम्तीमा २ जना महिला समेत पर्ने गरी वडा अध्यक्षले तोकोको ३ जना सदस्य

घ. संस्थागत विद्यालयका प्र.अ. मध्येवाट समितिले मनोनित गरेको १ जना सदस्य

ङ. सम्बन्धित वडामा सञ्चालित माथिल्लो तहको विद्यालयका शिक्षकहरु मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको १ जना सदस्य सचिव

२१. **विद्यालय व्यवस्थापन समितिः**- (१) विद्यालय संचालन, रेखदेख र व्यवस्थापन गर्ने प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकहरुले आफुहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चार जना - सदस्य

(ख) नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य एक जना -सदस्य

(ग) विद्यालयका संस्थापक, बुद्धिजीवी, शिक्षाप्रेमी, चन्दादाता विद्यालयलाई निरन्तर सहयोग गरेका ब्यक्तिहरु मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेका कम्तीमा एक महिला सहित दुई जना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना प्रतिनिधी - सदस्य

(ङ) प्रधानाध्यापक सदस्य सचिव

(२) विद्यालय स्तरीय बाल क्लवले मनोनयन गरेको एक छात्रा र एक छात्र गरी दुई जना स्थायी आमन्त्रित सदस्य रहने छन् ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग बाणिज्य महासंघका दुई जना प्रतिनिधि, सदस्य रहनेछन् ।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(५) अभिभावकले आफुहरुमध्येबाट पठाएका खण्ड (क), खण्ड (ख) वा खण्ड (ग) बमोजिमका सदस्य मध्येबाट मात्र विद्यालय ब्यवस्थापनसमितिको अध्यक्षको छनौट गरिनेछ । अध्यक्ष छनौट गर्ने पहिलो बैठकको अध्यक्षता जेष्ठ सदस्यले गर्नेछ ।

(६) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट अनुदान निकासा हुने धार्मिक विद्यालयहरु ( मदरसा, गुम्बा, गुरुकुल) मा दफा २१ को उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ ।

(७) दफा २१ को १ (क) बमोजिम सदस्यहरुको छनौट गर्दा सर्व सहमतिको प्रक्रियाबाट छनौट गर्नुपर्नेछ । दुई पटक सम्म अभिभावकहरुको बैठकबाट प्रयास गर्दा समेत सर्व सहमतिबाट छनौट हुन नसकेमा नगर शिक्षा समिति प्रमुखले छनौट गरी चार जना सदस्यहरु तोक्न सक्नेछ । यस पश्चात वि.व्य.स. गठनका अन्य प्रक्रिया शुरु गरिनेछ ।

(८) विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वडा अध्यक्षले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको काम गर्नेछ।

(९) संस्थागत विद्यालयको विद्यालय सञ्चालन तथा रेखदेख गर्न प्रत्येक संस्थागत विद्यालयमा देहाय वमोजिमका सदस्यहरु भएको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापकहरु मध्येबाट विद्यालय सञ्चालक समितिको सिफारिसमा शिक्षा शाखा प्रमुखले तोकेकोएक जना -अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट कम्तीमा एकजना महिला समेत पर्नेगरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुई जना - सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा निजले तोकिदिएको शिक्षा अधिकृत -सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएको एक जना - सदस्य

(ङ) सम्बन्धित वडा समितिले पठाएको प्रतिनिधि एक जना- सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(१०) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

(११) राजीनामा स्वीकृत गर्नेः- व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा सदस्यको राजीनामा व्यवस्थापन समितिले स्वीकृत गर्नेछ । वि.व्य.स. अध्यक्षको राजिनामा स्वीकृत भएको अवस्थामा समितिको बैठकको अध्यक्षता सदस्यहरुमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछन ।

(१२) यो ऐन लागु हुनु भन्दा अघि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिको पदावधिभर सो समिति बहाल रहनेछ।

(१३) अभिभावकको अभिलेखिकरण व्यवस्थापन समितिको सदस्य छनौट प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. **विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्नेः** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको (बाल क्लवको प्रतिनिधी बाहेक),

(ग) प्रचलित कानुन बमोजिम अयोग्य ठहरिएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ,

(ङ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधी बाहेक अन्य सामुदायिक वा संस्थागत विद्यालयका वा संस्थाका शिक्षक तथा कर्मचारीहरु ,

(च) अन्य विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष/सदस्य पदमा कार्यरत रहेको व्यक्ति ।

२३. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेः** (१) देहायका अवस्थामा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछः-

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा ,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा ,

(ग) नगर शिक्षा समितिले दिएको निर्देशनको पालना नगरेमा ,

(घ) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको नीति एवम् हित विपरीत काम गरेमा ,

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक-पटक उलंघन गरेमा । तर यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि समिति विघटन गर्नु अघि निजलाई सफाई दिने मौका बाट बञ्चित गरिने छैन ।

२४. **विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक तथा संस्थागत विद्यालयका विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२५. **शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विद्यालयमा सम्पूर्ण शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ । शिक्षक अभिभावक संघ सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२६. **बाल क्लवहरुगठन गर्नेः-** विद्यालयहरुले बालवालिकाको सर्वाङ्गिण हित तथा विकास गर्न र सामाजिक उत्तरदायित्व महसुश गराउन वातावरण संरक्षण, सरसफाई तथा विपद व्यवस्थापन लागु औषध दुर्व्यसनी विरुद्ध सहयोगी भावना जागृत गराउन बालक्लवहरु गठन गरी कार्यान्वयन गर्नुपर्नेछ ।

२७. **पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीः-** (१) यस नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा पठन पाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।स्थानीय पाठ्यक्रमको हकमा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) पाठ्यसामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना वनाई लागू गर्नेछ ।

(३) पाठ्यक्रम, पाठयपुस्तक, र पाठ्यसामग्री सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **परीक्षा समन्वय समितिः** (१) नगरपालिकाभित्र नियमानुसार अनुमति स्वीकृति प्राप्त गरी संचालनमा रहेका सामुदायिक एवं संस्थागत विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा समन्वय समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत - अध्यक्ष

(ख) नगरपालिकामा रहेको सामाजिक विकास समिति संयोजक -सदस्य

(ग) ईलाका प्रशासन कार्यालयको प्रतिनिधी -सदस्य

(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

(ङ) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको स-सस्त्र प्रहरी बल -सदस्य

(च) कार्यपालिकाका सदस्यहरुमध्येबाट समन्वय समितिले मनोनित गरेका एक जना-सदस्य

(छ) सामुदायिक विद्यालयका प्र.अ.हरु मध्ये बाट समन्वय समितिले मनोनित गरेको एक जना -सदस्य

(ज) संस्थागत विद्यालयका प्रिन्सिपलहरु मध्ये बाट समन्वय समितिले मनोनित गरेको एक जना -सदस्य

(ञ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) परीक्षा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(५) उपदफा ३ र ४ वाहेकको कक्षाहरुको परीक्षा समन्वय समितिले निर्धारण गरेको मापदण्ड वमोजिम नगर स्तरीय परीक्षा समितिले विद्यालयसंगको समन्वयमा सञ्चालन गर्नेछ । प्रधानाध्यापकले शैक्षिक प्रमाण पत्र प्रमाणिकरण गर्नेछन ।

२९. **परीक्षा समन्वय समितिको काम कर्तब्य र अधिकारः** परीक्षा समन्वय समितिको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३०. **परीक्षा ब्यबस्थापन समितिः**(१) नगरपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालनको लागि देहायको एक परीक्षा ब्यबस्थापन समिति रहनेछ ।

(क) शिक्षा शाखा प्रमुख - अध्यक्ष

(ख) सामुदायिक विद्यालयका प्र.अ. वा शिक्षकमध्येबाट समितिले तोकेका १ महिला सहित ३ जना - सदस्य

(ग) संस्थागत विद्यालयका प्र.अ. वा शिक्षकमध्येबाट समितिले तोकेको १ जना- सदस्य

(घ) समितिले मनोनित गरेको शैक्षिक ब्यवस्थापन सूचना प्रणालीमा काम गर्ने १ जना- सदस्य

(ङ) शिक्षा शाखा प्रमुखले तोकेको कर्मचारी - सदस्य-सचिव

(२) परीक्षा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः परीक्षा व्यवस्थापनको लागि समितिको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३१. **शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाः** (१) नगर सभाले वार्षिक रुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागि कार्यपालिकालाई निर्देशन दिनेछ । शिक्षा मंत्रालयले बनाएको गुणस्तरको खाका र पाठयक्रम विकास केन्द्रले बनाएको पाठयक्रम प्रारुपलाई मूल आधार मान्नु पर्नेछ ।

(२) शैक्षिक गुणस्तर परीक्षण सम्बन्धि अन्य व्यवस्थाः- शैक्षिक गुणस्तर परीक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **विद्यार्थी संख्या भर्ना र कक्षा चढाउने सम्बन्धी व्यवस्थाः-** (१) सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या भर्ना र कक्षा चढाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३३. प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम कर्तव्य र अधकारः-** (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी व्यवस्थाः-** (१) सामुदायिक विद्यालयमा रिक्त रहेको दरबन्दिमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येकविद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत -सदस्य

(ग) नगर कार्यपालिकाको कार्यालयको विज्ञ सूचीमा उल्लेखित सम्वन्धित विषय विज्ञमध्ये नगर प्रमुखको सिफारिसमा शिक्षा अधिकृतले तोकेको २ जना -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) (ग) को प्रयेजनको लागि शिक्षा शाखाले समय समयमा दरखास्त आह्वान गरी विषय विज्ञहरुको ब्यक्तिगत विवरण सहितको विज्ञ सूची अध्यावधिक गरी राख्नु पर्नेछ ।

(३) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ । छनौट सम्बन्धि परीक्षा केन्द्र नगरपालिकामा वा शिक्षा शाखाले तोकेको स्थानमा हुनेछ।

(४) शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधी जारी गरेको भए शिक्षक तथा कर्मचारी छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधीको पालना गर्नु पर्नेछ ।

(६) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी कार्यविधी सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(७) करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३५. शिक्षक तथा कर्मचारीको सरुवा सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्रका शिक्षक नगर शिक्षा समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा गरिनेछ ।

(३) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा कम्तीमा दुई वर्ष सेवा पूरा नगरी अन्यत्र सरुवा गरिने छैन । तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थान निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोके मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(३) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखि रहंदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा, शैक्षिक सत्रको कुनै पनि समयमा त्यस्ता शिक्षकको सरुवा गर्न सकिनेछ ।

(४) सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३६. अन्तर स्थानीय शिक्षक सरुवा सहमती सम्वन्धी व्यवस्थाः- अन्तर स्थानीय तह** शिक्षक सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धि व्यवस्थाः-** (१) सामुदायिक विद्यालयमा आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह (कक्षा १०) सम्मको शिक्षा निःशुल्क हुनेछ ।

(२) संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको १० प्रतिशत विपन्न एवं सिमान्तकृत विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यस्तो छात्रवृत्तिमा कम्तीमा ५ प्रतिशत बालिका समावेश गर्नुपर्नेछ । तर संस्थागत विद्यालयले विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति बराबरको योगदान विद्यालयको शैक्षिक सुधार गर्नको लागि नगरपालिकाले शैक्षिक सुधार कोष स्थापना गरी तोकिएबमोजिम परिचालन गर्न सक्नेछ ।

(३) छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. शिक्षक तथा कर्मचारीले पाउने विदा तथा काज सम्बन्धि व्यवस्थाः- (१) शिक्षक तथा कर्मचारीले पाउने बिदा तथा काज सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. विद्यालयको चिन्हः विद्यालयको चिन्ह षट्कोण हुनेछ । विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सो षट्कोणको बीचमा आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

४०. विद्यालयको नामाकरणः (१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी नयाँ विद्यालयको नामाकरण गर्नुपर्नेछ ।

(२) विद्यालयको नामाकरण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. राष्ट्रिय गान गाउनु पर्नेः** विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भ र विभिन्न समारोहमा राष्ट्रिय गान गाउनु पर्नेछ ।

**४२. झण्डोत्तोलन गर्नु पर्नेः** विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नु पर्नेछ ।

**४३. विद्यार्थी पोशाकः** (१) विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने र हावापानी सुहाउँदो पोशाक तोक्न सक्नेछ ।विद्यालयले पोशाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

**४४. विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि व्यवस्थाः-** (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) विद्यालयको सम्पत्ती संरक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **विद्यालयलाई अनुदान दिनेः** (१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट विद्यालयको लागि प्राप्त रकम वार्षिक कार्यक्रम स्वीकृत गराई विद्यालयको कोषमा पठाइनेछ ।

(२) विद्यालयलाई अनुदान बाँडफाँट गर्ने आधार तथा खर्च सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. **विद्यालयको बजेट आय व्ययको लेखा राख्ने सम्बन्धि व्यवस्थाः-** विद्यालयको बजेट तथा आय व्ययको लेखा राख्ने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. **शिक्षक तथा शिक्षा क्षेत्र सम्वद्ध जनशक्तीको तालिमः**(१) शिक्षक तथा कर्मचारीहरुका लागि तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था संघ र प्रदेश कानुनमा व्यवस्था गरे अनुरुप हुनेछ ।तर यस दफाले नगरपालिकाले संस्थागत विद्यालयका शिक्षकहरुलाई लागत साझेदारीमा र सामुदायिक विद्यालयका शिक्षकहरुलाई स्वीकृत वार्षिक कार्यक्रम वमोजिम क्षमता विकास र पूनर्ताजिगी तालिम दिन वाधा पर्ने छैन ।

४८. **अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थाः**(१) विद्यालयहरुले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. **विद्यालय शिक्षा सेवा गठन तह श्रेणी विभाजन र दरवन्दी सम्बन्धी व्यवस्थाः-** विद्यालय शिक्षा सेवा गठन तह, श्रेणी, विभाजन र दरवन्दी सम्बन्धमा संघ तथा प्रदेशको कानून वा ऐन सँग तदातम्य हुने गरी कार्यपालिकाले कार्यविधी बनाई लागु पर्नेछ ।

५०. **संघीय कानून बमोजिम हुनेः-** देहायका विषयहरु संघीय कानून बमोजिम हुनेछन् ।

क. शिक्षक तथा कर्मचारीको तलब भत्ता र अन्य सुविधा,

ख. शिक्षक तथा कर्मचारीको निवृत्तीभरण उपदान उपचार खर्च र अन्य व्यवस्था,

ग. शिक्षक तथा कर्मचारीका अवकास सम्बन्धी व्यवस्था,

घ. शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था,

ङ. विद्यालयको वर्गिकरण संघीय कानूनले तोकेको मापदण्ड अनुसार हुने,

च. स्थायी आवासीय अनुमति सम्बन्धी व्यवस्था ।

५१. **विद्यालय शुल्क सम्बन्धि व्यवस्थाः-** (१) संघीय कानूनले बनाएको मापदण्ड अनुसार विद्यालयहरुले विद्यार्थी सँग लिन पाउने शुल्कको निर्धारण हुनेछ ।

(२) विद्यालयले विद्यार्थी सँग लिन पाउने शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. **जिम्मेवारी रहनेः-** (१) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनुपर्नेछ । यसका लागि समय समयमा अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्नुपर्नेछ ।

(२) मापदण्ड वमोजिम विद्यालय सञ्चालन एवं गुणस्तरिय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिती र प्रधानाध्यापकले नगरपालिका सँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(३) जिम्मेवार हुने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५३. **संरक्षकको भूमिकाः-** नगर प्रमुख नगर भित्र र वडा अध्यक्ष आफ्नो वडा भित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रमुख संरक्षकको भूमिकामा रहि कार्य गर्नु पर्नेछ।

५४. **निर्वाचित पदाधिकारीहरुले पालना गर्नुपर्ने आचारसंहिताः-** यस नगरपालिका भित्रका निर्वाचित पदाधिकारीहरुले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

क. संस्थागत विद्यालय वा निजी अन्य कुनै प्रकारका शैक्षिक संघ संस्था सञ्चालन मा संलग्नता हुन नहुने तर प्राज्ञिक क्रियाकलापमा भाग लिन बन्देज नरहने,

ख. धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग भाषा वर्ग क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज रहने,

ग. राजनीतिक पार्टी वा अन्य कुनै दलगत समूहको स्वार्थमा विद्यार्थी र शैक्षिक संरचनाको प्रयोगलाई निषेधित गर्नुपर्ने ,

घ. विद्यालयको समग्र शैक्षिक गुणस्तरको अभिवृद्धिमा ध्यान दिनुपर्ने,

ङ. जनप्रतिनिधी समाजकै रोल मोडेल हुने हुँदा सार्वजनिक ठाउँहरु तथा विद्यालय वा शैक्षिक संस्थामा उपस्थित रहँदा नकारात्मक सन्देश प्रवाह हुने कुनै क्रियाकलाप नगर्न सजग रहनु पर्ने ।

५५. **शिक्षक तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिताः-**

(क) आफुलाई खटाइएको ठाउँमा गई तोकिएको काम गर्नु पर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनु पर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने,

(ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने,

(घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सुचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

(ङ) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

(च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनु पर्ने,

(छ) कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

(ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहको स्वीकृति नलिई आफू वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

(झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

(ञ) नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनैपनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्‌ताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

(ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने, ।

(ठ) आफुले अध्यापन गर्ने विषयमा अधिकतम विद्यार्थी उत्तीर्ण गराउने तथा निर्धारित अपेक्षित शैक्षिक उपलब्धि हासील गराउने मुख्य जिम्मेवारी शिक्षकको हुनेछ ।

(ड) विद्यालयमा रहदा तोकिएको पोशाक लगाई आउनुपर्ने ।

(२) उपनियम (१) बमोजिमको आचार संहिताको पालन भए नभएको अभिलेख शिक्षकहरुको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ र आचार संहिता पालन नभएको भए त्यसको विवरण नगरपालिकामा पठाउनु पर्नेछ ।

**५६. कोचिङ तथा ट्युसन कक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः-** (१) कोचिङ तथा ट्युसन कक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५७. विद्यार्थीले पालन गर्नु पर्ने आचार संहिताः-** विद्यार्थीहरुले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछः

(क) शिक्षकको आज्ञापालन, आदर गर्नु पर्ने र जिम्मेवारी बहन गर्नुपर्ने,

(ख) विद्यालयमा वा बाहिर जहाँसुकै अनुशासनमा रहनु पर्ने,

(ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त संधै प्रयत्नशील रहनु पर्ने,

(घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनु पर्ने,

(ङ) सबैसँग शिष्ट व्यवहार गर्नु पर्ने,

(च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने ।

**५८. नियम बनाउने अधिकारः-** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले शिक्षा नियमावली निर्देशिका कार्यविधी तथा अन्य आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**५९. बचाउ र लागु नहुनेः-** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका विषयमा सोही बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएका कुनै कुराले पनि विद्यालयको सम्पत्ती हिना मिना गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही चलाउन बाधा पर्ने छैन।

(३) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारबाट दिईदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय र कारवाही गर्न बाधा पर्ने छैन।

(४) यस अघि भए गरिएका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,

ओमकार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत